हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

(आ.व. २०८१/०८२) वैठक नं.

आज मिति २०८१ साल माघ १७ गते विहिवारको दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।१०।१७

## मिति २०८१/१०/१७ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. तराई मधेश समृद्धिको कार्यक्रम छनौट सम्बन्धमा ।
३. कर्मचारीहरुको तह/स्तर बृद्धि अगामी नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने सम्वन्धमा ।
४. उपभोक्ता समिति गठन गर्न म्याद थप गर्ने सम्वन्धमा ।
५. संघीय भवन हस्तान्तरण कार्यक्रममा भएको खर्च भुक्तानी सम्वन्धमा ।
६. नगर कार्यपालिकाको प्रवक्ता तोक्ने सम्वन्धमा ।
७. आर्थिक सहयोग सम्वन्धमा ।
८. मर्मत सम्भार खर्च अनुमोदन गर्ने सम्वन्धमा ।
९. १४ औ नगरसभा गर्ने सम्वन्धमा ।
१०. कर्मचारी खटाउने सम्वन्धमा ।
११. परिवार नियोजन स्थायी बन्ध्याकरण क्याम्प संचालन सम्बन्धमा ।
१२. पिडारी आयुर्वेद औषधालयको घर भाडा सम्वन्धमा ।
१३. नमुना विद्यालयको बार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।
१४. प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०८१ सम्वन्धमा ।
१५. हरिपुर नगरपालिका कन्टिजेन्सी रकम ब्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०८१ सम्वन्धमा ।
१६. स्वास्थ्य संस्थाहरुको लागि चाहिने मसलन्द फर्निचर छपाई अन्य सामग्रीहरु खरिद सम्वन्धमा ।
१७. स्वास्थ्य संस्थाहरुको लागि सर्जिकल सामग्री खरिद गर्ने सम्वन्धमा ।
१८. स्वास्थ्य संस्थाहरुमा अनलाइनबाट सेवा प्रवाह सम्वन्धमा ।
१९. प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा एक्स्रे मेशिन खरिद सम्वन्धमा ।
२०. ईन्धन खर्च सम्वन्धमा ।
२१. तलव भत्ता रकम सम्वन्धमा ।
२२. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको अगामी आ.व. २०८२।०८३ को लागि तराई मधेश समृद्धी कार्यक्रमबाट संचालन गर्न ७० प्रतिशत तराई मधेश समृद्धी कार्यक्रमबाट र नगरपालिकाबाट ३० प्रतिशत नगरपालिकाबाट ब्यहोर्ने गरी देहायका योजना छनौट गरी माग गर्ने निर्णय गरियो ।

देहायका योजना

| क्र.सं. | योजनाको नाम | योजनाको ठेगाना |
|---|---|---|
| १ | अवाश भवन निर्माण २०० वटा | हरिपुर-२ |
| २ | प्रसुति भवन निर्माण | हरिपुर-४ |

मिति २०८१।१०।१७

| | | |
|---|---|---|
| ३ | विद्यालय भवन निर्माण चिताइन | हरिपुर-७ |
| ४ | सामुदायिक भवन निर्माण | हरिपुर-८ |
| ५ | कटक बहादुर घर देखि बरहथवा १६ को सिमाना सम्म सडक निर्माण | हरिपुर-१ |
| ६ | सामुदायिक भवन निर्माण | हरिपुर-४ |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको बैठक मिति २०८१।०९।२१ गते र २०८१।०९।२९ गतेको प्रस्तावन नं. २ र १४ मा कर्मचारी तह/स्तर बृद्धि सिफारिस भएका कर्मचारीहरुको तह/स्तर बृद्धि सम्वन्धको निर्णयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जिम्मेवारी दिई खटाईएको प्रमुख प्रशासकीय अधिकृत हाजिरी भए पछी नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने निर्णय भएको हुँदा उक्त कर्मचारीहरुको तह/स्तर बृद्धि सम्वन्धको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व. २०८१।०८२ मा तेह्रौ नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रम संचालन गर्नको लागि नगरस्तरीय र वडास्तरीय योजनाहरुलाई कार्यान्वयन गर्नको लागि नगर कार्यपालिकाको मिति २०८१।०६।११ गतेको निर्णयानुसार मिति २०८१ कार्तिक ३० गते सम्म उपभोक्ता समिति गठन गर्नलाई समय, मिति र स्थान तथा योजनाको नाम किटान गरी कम्तीमा ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रचार प्रसार गरी उपभोक्ता समिति गठन गर्ने साथै सो योजनाहरुको प्राविधिकबाट नाप जाँच गरी लागत अनुमान तयार गराउने निर्णय भएकोमा उक्त अवधीमा यस नगरपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत विहिन भएको हुनाले उक्त कार्यहरु सो समयमा उपभोक्ता समिति गठन प्रक्रिया सम्पन्न नभएकोले उपभोक्ता समिति गठन गरी मिति २०८१ फागुन मसान्त भित्रमा योजना सम्झौता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकामा मिति २०८१ पुष २७ गते संघीय भवन कार्यालयले यस नगरपालिका वडा नं. २ मा निर्मित ब्यापारिक भवन उदघाटन तथा हस्तान्तरण कार्यक्रममा उपप्रधान मन्त्री तथा संघीय शहरी विकासमन्त्रालयका माननीय मन्त्री श्री प्रकाश मान सिंहबाट उदघाटन तथा हस्तान्तरण भएको हुँदा उक्त कार्यक्रममा ब्यवस्थापन तथा अन्य कार्यको लागि खर्च रकम रु. ९७,६७०।०० र वडा नं. १ को सामुदायिक भवनमा भएको उद्घाटन कार्यक्रममा रकम रु. ४०,०००।०० गरी जम्मा रकम रु. १,३७,६७०।०० यस नगरपालिकाको १३ औ नगरसभाको विनियोजित विविध कार्यक्रम खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ५,००,०००।०० मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको सूचना तथा नगर कार्यपालिकाको निर्णयहरु सार्वजनिक गर्न नगरकार्यपालिकाको सदस्य ८ नं. का वडाध्यक्ष श्री हरि बहादुर थापालाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको

मिति २०८१।१०।१७

चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | उपेन्द्र दास तत्मा (रिझन दास तत्मा) | ६ | हरिपुर | खुट्टा भाँचिएको स्वास्थ्य उपचार | २०८१।९।३ | २०८१।९।२ च.नं. ५७७ | ६,०००।०० |
| २ | भुईया स्थानमा पुजा (अध्यक्ष सिकिचन माझी) | ८ | हरिपुर | मुसहर समुदायको धार्मिक पुजा | + | २०८१।९।२ च.नं. ५७७ | ६,०००।०० |
| 3 | हरैया र फरहदवा मुसहर सामुदायिक पुजा सहयोग | ४ | हरिपु | मुसहर समुदायको धार्मिक पुजा | | | ५,०००।०० र ५,०००।०० गरी १००००।०० |
| ४ | हसन फकिर | ३ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।९।२८ | २०८१।९।२८ च.नं. ६३४ | ६,०००।०० |
| ५ | ईश्वरीय मार्ग दर्शन सामाजिक संस्था (रबिना कुमारी चौधरी) | ८ | हरिपुर | उत्साहित कार्यक्रम | २०८१।९।२ | २०८१।९।२ च.नं. ३७२ | ६,०००।०० |
| ६ | सिताराम माझी (कोशिला देवी) | ४ | हरिपुर | क्रिया खर्च | + | २०८१।९।४ च.नं. ६६४ | ६,०००।०० |
| ७ | मो. सरफराज मंसुर (महम्द रकिव आलम) | ६ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।९।६ | २०८१।९।३ च.नं. ५८३ | ६,०००।०० |
| ८ | नसिम सेख (जनिसा खातुन) | ५ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।९।१८ | २०८१।९।१९ च.नं. ६१७ | ६,०००।०० |
| ९ | समा चकेवा कार्यक्रम | ९ | हरिपुर | समा चकेवा कार्यक्रम | + | २०८१।९।२१ च.नं. ३८२ | ६,०००।०० |
| १० | निजामती कर्मचारी युनियन जिल्ला कार्य समिति सर्लाही | | सर्लाही | जिल्ला अधिवेशन | + | २०८१।८।११ च.नं. ३० | ६,०००।०० |
| ११ | विन्दु कुमारी | ९ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।७।२६ | २०८१।७।२६ च.नं. ३९९ | ६,०००।०० |
| १२ | नेपाल पत्रकार महासंघ सर्लाही | | सर्लाही | उम्मेदवारी तथा मनोनयन | + | २०८१।८।१५ च.नं. २ | १०,०००।०० |
| १३ | राम इश्वर पासवान (राम औतार पासवान) | २ | हरिपुर | स्वास्थ्य उपचार | + | २०८१।८।२६ च.नं. ८१५ | ६,०००।०० |

मिति २०८१।१०।१७

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | लाल महमद शेष | ९ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।६।२ | २०८१।६।२ च.नं. २६४ | ६,०००।०० |
| १५ | कल्याणी देवी चौधी | ७ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।७।८ | २०८१।७।९ च.नं. ४१६ | ६,०००।०० |
| १६ | मोहिचन माझी | ९ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।७।१ | २०८१।७।१ च.नं. ३३० | ६,०००।०० |
| १७ | पन्वत मुसहर्नी (गिता कुमारी माझी) | ४ | हरिपुर | क्रिया खर्च | २०८१।६।२१ | २०८१।६।२१ च.नं. ६६४ | ६,०००।०० |
| १८ | रिता कुमारी | ४ | हरिपुर | वर्षाको कारण घर भत्किएको | २०८१।६।१२ | २०८१।६।१५ च.नं. ३३१ | ६,०००।०० |
| १९ | विष्णु कुमर (दहनी देवी चौधरी) | ७ | हरिपुर | क्रिया खर्च | २०८१।५।२० | २०८१।५।२० च.नं. ६६४ | ६,०००।०० |

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकामा मिति २०८१ कार्तिक १३ गते देखि हाल सम्म मर्मत सम्भार वापत खर्च भएको ईन्धनको रकम मर्मत सम्भार कोषबाट खर्च हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको हिउँदो १४ औ नगरसभा मिति २०८१ फागुन ६ गते मंगलवार विहानको १० बजे संचालन गर्ने निर्यय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका कार्यालयको मिति २०८१।१०।१५ गतेको कार्यालयको निर्णयानुसार १३ औ नगरसभा आ.व. २०८१।०८२ को आन्तरिक श्रोत सामानिकरण राजश्व बाँडफाड, सशर्त, विशेष अनुदान, समपुरक कोषको स्वीकृत योजना भौतिक योजना पुर्वाधार तर्फको हाल सम्म योजनाहरु सुचारु नभएको र यस कार्यालयको रहेको दरवन्दी अनुसारको स्थायी कर्मचारी नियुक्ती भई काम काज भइराखेकोमा आफ्नो घरायसी कारणले यस कार्यालयबाट अन्यत्र ठाउमा सरुवा भई गएको र केही लोकसेवा आयोगबाट सिफिरिस भई गएकोले विकास कार्यमा तथा भौतिक पुर्वाधार प्राविधिक जनशक्तीको अभावको कारण फिल्डमा गई नाप नक्सा लगत अनुमान समेत कार्य गर्न कठिनाई भएकोले प्रदेश लोकसेवा आयोगबाट सिफारिस नभइन्जेल सम्मका लागि यस कार्यालयमा सब-ईन्जिनियर पदमा पाँचौं तह सब ईन्जिनियर मासिक स्केल रु.३४०००।- (अक्षरेपी चौतिस हजार मात्र) को प्रति दिन १,१३३।३३ मा कामकाज गर्ने गरी यस कार्यालयमा सर्लाही जिल्ला साविक हरिपुर गा.वि.स. वडा नं ५ हाल हरिपुर न.पा. वडा नं.७ मा बस्ने सुर्यलाल चौधरीको नाती राम औतार चौधरीको छोरा संजिव चौधरीले डोर हाजिरमा सब-ईन्जिनियर पदका लागि चाहिने योग्यता प्रमाण पत्र एस.एल.सि. देखि डिप्लोमा इन सिभिल ईन्जिनियरिङ्ग, नागरिकता, फोटो आधार सब-ईन्जिनियर पदमा डोर हाजिर आधारमा कामकाज गर्ने गरी संजिव चौधरीलाई मिति २०८१/१०/१५ गते देखि लागु हुने गरी खटाउने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकामा सन्तानको रहर पुगिसकेका पुरुष तथा महिलाहरुको परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविर (मिनिल्याप अप्रेशन तथा भ्यासेक्टोमी अप्रेशन शिविर) २०८१ माघ २२ र २३ गते संचालन हुने भएकोले बन्ध्याकरण क्याम्प संचालन गर्नु अगावै छलफल तथा योजना तर्जुमा

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिति २०८१।१०।१७

गोष्ठी संचालन र क्याम्प व्यवस्थापन गर्न १३ औं नगरसभाको कार्यक्रम खर्च शिर्षक नं. २२५२२ मा विनियोजित रकम रु. ५,००,०००।०० मध्येबाट रकम रु. ३,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकामा वडा नं. ९ मा रहेको पिडारी आयुर्वेद औषधालयको घर भाडा उपलब्ध गराउने सम्वन्धको सूचना मिति २०८१।०५।०२ गते ईच्छुक घरधनीहरुले कार्यालयमा ७ दिन भित्र आई निवेदन माग भएकोमा उक्त अवधिमा कोही घरधनी सम्पर्कमा नभएकोले पिडारी आयुर्वेद औषधालय गत विगत वर्ष देखि सुर्य नारायण राय यादवको घरमा भाडामा संचालनमा रहिरहेकोले यस आ.व. २०८१।०८२ को मिति २०८१।०४।०१ गते देखि २०८२ असार मसान्त सम्म सोही घरधनीसँग आ.व. २०८०।०८१ मा मासिक भुक्तानी गरिएको रकममा नै घरधनीसँग सम्झौता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत रहेको श्री महावीर जनता मा.वि. हरिपुर-२ सर्लाही आ.व. ०७६/०७७ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको निर्णयबाट नमुना विद्यालयको रुपमा छनौट भई हरिपुर नगर कार्यपालिकाको मिति २०७८/१२/२१ गतेको निर्णयबाट नमुना विद्यालयको ५ बर्षे गुरुयोजना स्वीकृत पश्चात कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम नमुना विद्यालय सुधार सम्बन्धमा मिति २०७९/०२/१४ गते सम्झौता भईसकेकक ोले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमुना विद्यालय विकास अनुदान, साधारण धार र प्राविधिक धार तर्फका लागि यस नगरपालिकाबाट विनियजन हुने रकम, विद्यालयको आन्तरिक स्रोत एवम् प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित आयका आधारमा नमुना विद्यालय विकास कार्यक्रम सञ्चालनका लागि स्वीकृत विद्यालय सुधार गुरुयोजना (२०७८-०८२) को चौथो वर्षको आधारमा आ.व. २०८१/०८२ का लागि विद्यालयले निर्माण गरेको नमुना विद्यालय बार्षिक कार्ययोजना स्वीकृतिको लागि यस कार्यालयमा मिति २०८१/०९/०८ गतेमा दर्ता भएको नमुना विद्यालय विकास तर्फको भौतिक, शैक्षिक र व्यवस्थापकीय बार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाका प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०८१ अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०८१ अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुको लागि चाहिने मसलन्द फर्निचर छपाई अन्य चाहिने सामग्रीहरु खरिद गरी वितरण गर्नु पर्ने भएकोले हरिपुर नगरपालिलका १३ औ नगरसभाको खर्च शिर्षक नं. ३११२३ स्वास्थ्य संस्थाहरुको लागि चाहिने मसलन्द फर्निचर छपाई अन्य चाहिने सामग्रीहरु खरिदमा रकम रु. ८,००,०००।०० मध्येबाट बाँकी रहेको रकमबाट उक्त कार्य गर्ने निर्णय गरियो ।

मिति २०८१।१०।१७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुको लागि सर्जिकल सामग्री खरिद गरी वितरण गर्नु पर्ने भएकोले हरिपुर नगरपालिलका १३ औ नगरसभाको खर्च शिर्षक नं. ३११२२ स्वास्थ्य संस्थाहरुको लागि सर्जिकल सामग्री खरिदमा रकम रु. ७००,०००।०० बाट उक्त कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा अनलाइनबाट सेवा प्रवाह गर्न हरिपुर नगरपालिलका १३ औ नगरसभाको खर्च शिर्षक नं. ३११२२ हरिपुर नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा अनलाइनबाट सेवा प्रवाहको लागि सफटवेयर जडानमा रकम रु. ५००,०००।०० विनियोजन भएको रकमबाट उक्त कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा एक्स्रे मेशिन खरिद गर्न हरिपुर नगरपालिलका १३ औ नगरसभाको खर्च शिर्षक नं. ३११२२ प्राथिमिक स्वास्थ केन्द्र हरिपुरको लागि एक्स्रे मेसिन खरिदमा रकम रु. ५०,००,०००।०० विनियोजन भएको रकमबाट उक्त एक्स्रे मेसिन खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिकामा मिति २०८१ कार्तिक १३ गते देखि हाल सम्म ईन्धन वापतको खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा कार्यरत भारी सवारी चालक (टिपर) श्री राजनन्दन दासलाई कार्यालयको समय वाहेक विहान वेलुका र सार्वजनिक दिनमा पनि नगर प्रमुख, नगर उपप्रमुखको निर्देशनमा यस कार्यालयको सवारी साधनहरुमा चलाई रहेकोले कार्यवोझ बढी भएको र कार्य सम्पादन मूल्याँकन अति उतम भएको हुँदा निजलाई खाईपाई आएको तलवमा मिति २०८१ माघ १ गते देखि लागु हुने गरी रकम रु. ३०००।०० थप गर्ने निर्णय गरियो ।